आज मिति २०७९ साल जेठ १८ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा नगर कार्यपालिका बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>तपसिल</u>

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख

श्री धनसरा बोहरा, नगर उप प्रमुख

श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १

श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री गंगा बहादुर खत्री,वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८

श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९

श्री विर बहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०

श्री जय बहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११

श्री राम बहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२

श्री गणेश बहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री सहविर महर, कार्यपालिका सदस्य

श्री पवित्रा घर्ति, कार्यपालिका सदस्य

श्री गौमाया खत्री, कार्यपालिका सदस्य

श्री खगीसरा पुनमगर, कार्यपालिका सदस्य

श्री मानसिं परियार, कार्यपालिका सदस्य

श्री अमृता विसी विष्ट, कार्यपालिका सदस्य

श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य

श्री कृष्ण प्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

<u>सहयोगीहरु</u>

श्री मान बहादुर ठाडा, लेखाअधिकृत

श्री कुल बहादुर खड्का, अधिकृत छैटौं

श्री कृष्णप्रसाद शाही, का.स.

**प्रस्ताव नं. १ : धन्यवाद ज्ञापन सम्बन्धमा ।**

निर्णय नं. १ : स्थानीय तह सदस्य निर्वाचन २०७९ मार्फत यस भेरीगंगा नगरपालिकामा आफ्नो अमुल्य मतदान गरी नगर तथा वडाको जनप्रतिनिधी निर्वाचित गराउनुहुने सम्पूर्ण मतदाताहरुलाई नगर कार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिने निर्णय गरियो साथै निर्वाचनलाई सफल बनाउनका लागि अहम् भूमिका निर्वाह गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, व्यापारी, राजनैतिक दल, सहयोगी लगायत सबैमा धन्यवाद दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, योजना अनुगमन समितिको पूर्णता सम्बन्धमा ।**

निर्णय नं. २ : स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम तपसिल बमोजिमको समिति गठन गर्ने र समितिलाई पूर्णता दिने निर्णय गरियो ।

तपसिल

**१ स्थानीय राजस्व परामर्श समिति (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५(१)ग बमोजिम)**

१. संयोजक : उपप्रमुख श्री धनसरा बोहरा

२. सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद पोखेल

३. सदस्य श्री ओबीसरा बस्याल कार्यपालिका सदस्य (कार्यपालिकाले तोकेको महिला सदस्य)

४. सदस्य श्री जयबहादुर नेपाली कार्यपालिका सदस्य (कार्यपालिकाले तोकेको)

५. सदस्य : निजी क्षेत्रको उद्योग बाणिज्य संघ भेरीले तोकेको प्रमुख तथा प्रतिनिधी

६. सदस्य : घरेलु तथा साना उद्योग विकास समितिले तोकेको प्रमुख तथा प्रतिनिधी

७. सदस्य–सचिव श्री देवीकुमारी राना, अधिकृत छैटौं, राजस्व उपशाखा प्रमुख

**२ श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम)**

१. संयोजक : नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल

२. सदस्य : उपप्रमुख श्री धनसरा बोहरा

३. सदस्य श्री अमृता विसी (विष्ट) कार्यपालिका सदस्य, महिला (नगर प्रमुखले तोकेको)

४. सदस्य श्री जीतबहादुर सुनार कार्यपालिका सदस्य, दलित (नगर प्रमुखले तोकेको)

५. सदस्य श्री सहविर महर कार्यपालिका सदस्य (नगर प्रमुखले तोकेको)

६. सदस्य श्री गंगाबहादुर खत्री कार्यपालिका सदस्य (नगर प्रमुखले तोकेको)

७. सदस्य–सचिव श्री कृष्णप्रसाद पोखेल, प्रमुख प्रशासकीय अधिकृत

**३. बजेट तथा कार्यक्रम तर्जुमा समिति (स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७(१) बमोजिम)**

१. संयोजक : उपप्रमुख श्री धनसरा बोहरा

२. सदस्य : विषयत क्षेत्र हेर्ने कार्यपालिका संयोजकहरु

३. सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद पोखेल

४. सदस्य–सचिव श्री इन्द्रदेव गिरी, सहायक पाँचौं, योजना उपशाखा प्रमुख

**४. नगरस्तरीय अनुगमन समिति (अनुगमन तथा मूल्यांकन कार्यविधी २०७८ को दफा ५ बमोजिम )**

१. संयोजक : उपप्रमुख श्री धनसरा बोहरा

२. सदस्य श्री शेरबहादुर कामी (कार्यपालिका सदस्य)

३. सदस्य श्री गौमाया खत्री (कार्यपालिका दलित सदस्य )

४. सदस्य : प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद पोखेल

५. सदस्य–सचिव श्री इन्द्रदेव गिरी, सहायक पाँचौं, योजना उपशाखा प्रमुख

आमन्त्रीत सदस्य

सम्बन्धित क्षेत्र हेर्ने इन्जिनियर

**प्रस्ताव नं. ३ : कानूनी सल्लाहकारको राजिनामा स्वीकृती अनुमोदन सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकामा पाँच बर्षसम्म कानूनी सल्लाहकारको रुपमा परामर्श दिंदै आउनुभएका अधिवक्ता श्री विवसकुमार बस्नेतले मिति २०७९/२/६ गतेका दिनमा आफ्नो व्यवहारिक कारण देखाई कानूनी सल्लाहकारको रुपमा सेवा दिन नसक्ने भनी नगर प्रमुख समक्ष निवेदन पेश गर्नुभएकोमा नगर प्रमुख ज्यूबाट मिति २०७९/२/११ गतेका दिनमा मिति २०७९/१/३१ गतेदेखि लागू हुने गरी स्वीकृत भएको राजिनामा अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : आर्थिक सहायता सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिकाबाट विभिन्न विपद् तथा भैपरी समस्या परी आर्थिक सहायता माग गरेका व्यक्तिहरुलाई यस बर्षको कुनै बचत शीर्षकबाट रु. ५ लाख रकमान्तर गर्ने र सो विषयलाई आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : योजना सम्झौता सम्बन्धमा ।**

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिका सुर्खेतको नवौं नगरसभाको निर्णय नं. ९ मा यस नगरपालिकाबाट संचालन हुने योजनाहरु २०७८ चैत्र मसान्तसम्ममा योजना सम्झौता गर्ने भन्ने व्यहोराको निर्णय भएकोमा केही योजनाहरु अझै सम्झौता हुन बाँकी रहेको भएपनि संघ र प्रदेशबाट आउने शशर्त योजनाहरुको सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : नगर प्रमुख तथा उपप्रमुखले पदभार ग्रहण गर्दा जेठ ९ गते गरेको पहिलो निर्णय अनुमोदन सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल र उपप्रमुख श्री धनसरा बोहराले मिति २०७९/२/९ गतेका दिनमा पदभार ग्रहण गर्दा मुटुरोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स रोग, अल्जाइमर्स रोग, हेड इन्जुरी, स्पाइनल ईन्जुरी, सिकल सेल एनिमिया, प्यारालाइसिसबाट

पूर्ण अशक्त भएका रोगहरुका-बिरामीलाई मासिक २ हजारका दरले जीवन निर्वाहका लागि सहायता प्रदान गर्ने निर्णय भएकोले सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : वडा तथा नगर कार्यपालिका बैठक तथा योजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको मासिक बैठक हरेक महिनाको ७ गतेका दिनमा दिनको ठिक १२ बजे नगरपालिका हलमा अनिवार्य बैठक बस्ने निर्णय गरियो साथै आवश्यकताका आधारमा अन्य बैठक नगर प्रमुखले तोकेबमोजिम हुनेगरी बस्ने र वडा समितिलाई वडा समितिको मासिक बैठक ११ गतेसम्म सम्पन्न गर्न जानकारी गराउने निर्णय गरियो ।

साथै यस नगरपालिकाको आ.व. २०७९।०८० को लागि वडास्तरिय योजनाहरु टोल विकास संस्थाको समन्वयमा बस्तिस्तरबाट छनौट गरी सर्वदलिय बैठकको सुझाव समेत लिई यही मिति २०७९।०२।३० गतेभित्र नगरपालिकामा वडा समितिको निर्णय सहित अनिवार्य उपलब्ध गराउन सबै वडाहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : विविध सम्बन्धमा ।**

निर्णय नं. ८ : यस नगरपालिकामा प्राप्त भएका विभिन्न परिपत्रहरु बाचन गरी जानकारी प्राप्त भयो । प्राप्त जानकारीहरुलाई कार्यान्वयन गर्दै अघि बढ्ने निर्णय गरियो ।